# विराटनगर महानगरपालिकाको आ.व. ०७९/८० को क्षेत्रगत नीति

## आर्थिक विकास क्षेत्र

### कृषि

१. प्राङ्गारिक कृषि खेतीतर्फ आकर्षित गर्न माटो सुधारका लागि कृषि चुन तथा जिंक उपलब्ध गराई माटोको गुणस्तर सुधार गरिँदै लगिनेछ।

२. कृषकहरुलाई धान, गहुँ, मकैको गुणस्तरीय बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराई कृषि उपज उत्पादन वृद्धिमा जोड दिइनेछ ।

३. शहरी कृषि, कौशी तरकारी खेती, करेसाबारी, पुष्प खेती कार्यक्रम प्रबर्द्धन गरिनेछ ।

४. खाद्य लगायतका कृषि उत्पादनमा आत्मनिर्भरताका लागि प्राविधिक उपयुक्तताको आधारमा सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।

५. कृषि उपज बजार ऐन जारी गरी कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन गरिनेछ।

६. कृषि क्षेत्रमा हुने विभिन्न रोग, किरा, विपदबाट हुने क्षति तथा जोखिम न्यूनीकरण गर्न महानगरका विभिन्न स्थानमा बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्लाष्टिक टनेल, नेटजाली, हाईटेक टनेल, तथा प्लाष्टीक मल्चिङ्ग विधिबाट बेमौसमी तरकारी खेती उत्पादन वृद्धि गरी बजार मागलाई आपूर्ति गरिनेछ।

८. पकेट कार्यक्रममार्फत चक्लावन्दी खेती र सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिई कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ, कृषि परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।

### पशुपंक्षी / भेटेरिनरी

९. पशु उपचार केन्द्रहरु स्थापना गरी नजिकबाट सेवा पाउनेगरी पशुसेवा विस्तार गरिनेछ।

१०. पशु पालनको विशेष क्षेत्र पहिचान गरी निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

११. व्यावसायिक पशुपालनमा युवा आकर्षित गर्न फर्म तथा समूहलाई प्राथमिकता दिँदै उन्नत जातको बीउ बोका वितरण तथा उन्नत जातको घाँस खेती गर्न प्रोत्साहित गरिनेछ।

१२. स्वस्थकर र ताजा मासु उपलब्धतालाई सुनिश्चित गर्न नियमित बजार अनुगमनमा जोड दिइनेछ। मापदण्ड लागू गरी मासु उत्पादन र बिक्री वितरण व्यवस्थित गरिनेछ।

१३. सामुदायिक तथा घरपालुवा कुकुरहरुलाई रेबिजविरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. पशुपंक्षीजन्य महामारी तथा सरुवा रोग नियन्त्रणका लागि प्रभावकारी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५. उन्नत पशुपालनमा जोड दिँदै कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार गरी दूध उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि गरिनेछ।

१६. निर्माणाधिन रहेको पशुबधशालाको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

**सहकारी**

१७. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ।

१८. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गरी सहकारी संस्थालाई समुदायमा आधारित र सदस्य केन्द्रित बनाउन पहल गरिनेछ।

१९. सहकारीलाई विपन्न समुदायसम्म विस्तार गरी महिला तथा सीमान्तकृत वर्गमा समेत सहकारीको पहुँच सुनिश्चित गर्दै कम्तिमा *एक घर एक सदस्य*को नीति अबलम्बन गरिनेछ ।

२०. सहकारी प्रवर्द्धन र नियमनमा संलग्न सबै निकायहरुसँग कार्यमूलक समन्वय कायम गर्दै सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

२१. सहकारी संस्थामा स्वनियमनलाई सुदृढ तुल्याउँदै यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाको लागि नीतिगत र संस्थागत प्रबन्धलाई मजबुत तुल्याइनेछ।

२२. सहकारी संस्थाहरुको एकीकरण कार्यलाई विशेष प्राथमिकता दिँदै *सबल सहकारी संस्था : प्रभावकारी सेवा व्यवस्था* नीति लागू गरिनेछ।

**पर्यटन**

२३. सार्वजनिक-निजी साझेदारीमा विराटनगर महानगरपालिकाको पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ।

२४. स्थानीय भाषा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पादनको प्रवर्द्धन गरी पर्यटन उद्यमशीलताको विकास गरिनेछ।

२५. मनोरञ्जन र पारिवारिकयुक्त सामुदायिक पार्क निर्माणमा प्राथमिकता दिइनेछ।

२६. पर्यटन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

२७. सङ्घीय तथा प्रदेश सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारहरुको सहयोग र सहकार्यमा ऐतिहासिक र पुरातात्विक विराट राजाको दरबार रहेको विराटनगरको भेडियारी क्षेत्रलाई समुचित विकास गर्दै पर्यटन केन्द्रको विकास गरिनेछ।

२८. महानगर क्षेत्रभित्र एक औद्योगिक र राजनैतिक संग्राहलय निर्माणका लागि सम्भाव्यताको अध्ययन गरिनेछ।

२९. विराटनगरलाई विश्वभर चिनाउन र पर्यटन प्रवर्द्धन गर्न ल्याण्डमार्क (Symbol of Biratnagar) को पहिचान गरी निर्माण गरिनेछ।

**उपभोक्ता हित संरक्षण**

३०. विराटनगर महानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ लाई समयानुकूल संशोधन गरी बजार अनुगमनलाई प्रभावकारी र चुस्त बनाइनेछ।

३१. "**जागरुक उपभोक्ताको शहर: विराटनगर महानगर**" को नीतिलाई निरन्तरता दिइनेछ।

३२. उपभोक्ता हितसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिनेछ।

**उद्यमशीलता, उद्योग र रोजगार**

३३. युवा उद्यमशीलता विकासको लागि मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ।

३४. वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीप, पूँजीलाई उद्यमशीलतामा आवद्ध गरी रोजगारी र स्वरोजगारी अभिवृद्धि गरिनेछ।

३५. स्थानीय साधन, स्रोत, पूँजी, प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन सहजीकरण गर्न औद्योगिक ग्राम स्थापना गरिनेछ।

३६. स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्न कोशेलीघर सञ्चालनमा ल्याइनेछ।

३७. न्यूनतम रोजगारीको प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै महानगरपालिकाको विकास निर्माण कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ।

## सामाजिक विकास क्षेत्र

**स्वास्थ्य**

३८. *"छोरी बचाऊ, छोरी पढाऊ"* कार्यक्रम/पहिलो र दोस्रो सन्तान छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन बापत उपलब्ध गराउँदै आएको रकमलाई निरन्तरता दिइनेछ।

३९. गर्भवती तथा सुत्केरी महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकलाई अस्पतालसम्म सहज पहुँचका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालनमा ल्याइनेछ।

४०. कोभिड-१९ संक्रमण जस्ता माहामारीजन्य सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी समुदायस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

४१. महानगरवासीको स्वास्थ्य सुधारका निमित्त एलोपेथिक मेडिसिनसँगै वैकल्पिक चिकित्साको रुपमा आयुर्वेद सेवाको विकास, विस्तार र सुदृढीकरण गर्दै लगिनेछ ।

४२. आमनागरिकको आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पूर्ण वडामा संचालनमा रहेका आभारभूत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण तथा सेवा विस्तार गर्दै लगिनेछ ।

४३. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत महानगरका विभिन्न स्थानहरुमा स्वास्थ्य शिविरहरु संचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी समुदायमा पुनर्स्थापनाका लागि सीपमूलक तालिमहरु संचालनमा ल्याइनेछ।

४४. मातृ तथा बाल मृत्यूदर कम गर्न र जन्मजात अपाङ्गतालाई समयमै पहिचान गर्न, महानगरका सम्पूर्ण वडामा गर्भवतीहरुका लागि निःशुल्क भिडियो एक्स-रे सेवा संचालनमा ल्याइनेछ।

४५. महानगरवासीलाई सहज स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले सम्भाव्य स्थानमा फिजियोथेरापी सेवा सुरु गरिनेछ।

४६. महानगरपालिकाले आफ्नै एम्बुलेन्स र शववाहन व्यवस्था गरी संचालनमा ल्याइनेछ।

४७. महानगरपालिकाका विभिन्न स्थानहरुमा सर्ने तथा नसर्ने रोगहरुको समयमै पहिचानका लागि स्वास्थ्य शिविरहरु संचालनमा ल्याइनेछ।

४८. महिलाहरुको प्रजनन् स्वास्थ्य तथा बालबालिकाहरुको स्वास्थ्य सुधारका लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ।

४९. स्तनपायी आमाहरुको सहजताको लागि महानगरका उपयुक्त स्थानहरुमा स्तनपानकक्षको निर्माण गरिनेछ।

५०. प्राथमिक स्वास्थ्य केन्द्र रानीलाई स्तरोन्नती गरी १५ शैयाको अस्पताल संचालनमा ल्याउन सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

५१. महानगरक्षेत्र भित्र मेट्रो सिटी अस्पताल संचालनमा ल्याउनको लागि सम्भाव्यता अध्ययन, जग्गा व्यवस्थापन तथा डिजाइन नक्सा निर्माण जस्ता कार्यहरु गरिनेछ।

५२. शहरी स्वास्थ्य पूर्वाधार सुधार गर्दै लगिनेछ।

५३. ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य बिमा गरिनेछ।

**शिक्षा**

५४. प्रारम्भिक बालविकास शिक्षालाई सबलीकृत गरी बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चितका लागि आधार तयार गरिनेछ।

५५. विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा शतप्रतिशत भर्ना हुने व्यवस्था मिलाई अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चित गरिनेछ।

५६. प्रारम्भिक कक्षामा सिकाइ उपलब्धि वृद्धि गर्न पठन सीप विकास र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप प्रभावकारी बनाइनेछ।

५७. प्राविधिक शिक्षामा लक्षित वर्गको पहुँच वृद्धि गरी प्रविधिमा आधारित गुणस्तरीय जीवन उपयोगी शिक्षामा जोड दिइनेछ।

५८. न्यून पारिश्रमिक भएका विद्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्तालाई दिइँदै आएको प्रोत्साहन पारिश्रमिकलाई निरन्तरता दिइनेछ।

५९. *एक वडा, एक नेतृत्व* विद्यालय कार्यक्रम कार्यान्वयन गरी आवश्यक सूचकका आधारमा पूर्वाधार विकास गरिनेछ।

६०. सार्वजनिक विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा निरन्तर सुधार गरी सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गरिनेछ।

६१. कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन सहजीकरणका लागि सन्दर्भ सामग्रीको विकास गरिनेछ।

६२. आधारभूत तह कक्षा ६—८ तथा माध्यमिक तहका लागि गणित अङ्ग्रेजी र विज्ञान शिक्षक व्यवस्थापनका लागि महानगरपालिकाबाट दिइँदै आएको शिक्षण अनुदानलाई निरन्तरता दिइनेछ।

६३. सार्वजनिक विद्यालयमा सामाजिक लेखा परीक्षण तथा आर्थिक लेखा परीक्षणलाई अनिवार्य शर्तका रुपमा लागू गरिनेछ।

६४. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षा व्यवस्थापन गर्न समावेशी शिक्षाको नमुनाका रुपमा आदर्श माध्यमिक विद्यालयलाई विकास गर्न अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको व्यवस्था मिलाइनेछ।

६५. विद्यालयलाई सिकाइ थलोका रुपमा विकास गर्न विषयगत समितिमार्फत शिक्षकको पेशागत विकास गरिनेछ।

६६. सुत्केरी विदामा बसेका महिला शिक्षक काममा नफर्किन्जेलसम्मका लागि सट्टा शिक्षकको व्यवस्थापन गरिनेछ।

६७. नगरस्तरीय शैक्षिक गतिविधिमा संस्थागत विद्यालयहरुको सहभागिता अभिवृद्धि गरिनेछ र संस्थागत विद्यालयलाई आवश्यक नियमन गरिनेछ ।

६८. विद्यालयस्तरीय शिक्षालाई गुणस्तरीय बनाउन सूचकमा आधारित अनुगमन, निरीक्षण र सुपरीवेक्षणको व्यवस्था गरिनेछ।

६९. विपद्को बेला शिक्षण सिकाइलाई बैकल्पिक माध्यमबाट निरन्तरता दिन सक्ने गरी आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

७०. महानगर बहुप्राविधिक शिक्षालय सञ्चालनका लागि विशेष अनुदान तथा महानगरपालिकाको आन्तरिक स्रोतबाट आवश्यक भौतिक पूर्वाधार विकास गरी सर्वसुलभ प्राविधिक शिक्षाको प्रबन्ध मिलाइनेछ।

७१. परम्परागत तथा धार्मिक विद्यालयहरुलाई शिक्षाको मूलधारमा समाहित गर्न व्यवस्थापन शिक्षण अनुदान उपलब्ध गराई प्रोत्साहित गरिनेछ।
७२. सामुदायिक सिकाइ केन्द्रहरुका माध्यमबाट अनौपचारिक, खुल्ला तथा निरन्तर सिकाइ कार्यक्रमहरु सञ्चालन गरिनेछ।
७३. सामुदायिक सिकाइ केन्द्रलाई वडा कार्यालयबाट समेत नियमन हुने गरी सामुदायिक पुस्तकालयका रुपमा विकास गरी निरन्तर शिक्षा र पठन संस्कृतिको विकासमा जोड दिइनेछ।
७४. विद्यालयमा विद्यार्थी, शिक्षक उपस्थिति र नियमित कक्षा संचालनलाई विद्युतीय हाजिरी (E-Attendance) को व्यवस्था गरी विद्यालय सुशासनमा जोड दिइनेछ।
७५. शैक्षिक ज्ञान आदान प्रदान गर्न सामुदायिक विद्यालय र अन्तर्राष्ट्रिय विद्यालय बिच भगीनि सम्बन्ध कायम गरिनेछ।

**युवा तथा खेलकुद**

७६. महानगरका युवाहरुलाई विभिन्न कृयाकलापमा सहभागी गराउन र युवाहरुको विकास गर्न वडागतरुपमा युवाक्लब गठन गरिनेछ।
७७. युवाहरुलागि उद्यमशीलता कार्यक्रम सञ्चालन गरी व्यावसायिक सोचको विकास गराइनेछ।
७८. युवाहरुमा सरकारी सेवाप्रतिको आकर्षण बढाइ योग्य राष्ट्रसेवक शिक्षक/कर्मचारी उत्पादन गर्न शिक्षक सेवा तथा लोकसेवा परीक्षा तयारी कक्षाहरु सञ्चालन गरिनेछ।
७९. महानगर क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।
८०. महानगरको व्यवस्थापनमा रहेको शहीद रंगशालाको उचित मर्मत सम्भार तथा संरक्षण गरिनेछ।
८१. विद्यालयमा खेलकुदका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकास गरी विद्यालयलाई खेलाडी उत्पादन गर्ने  क्षेत्रका रुपमा विकास गरिनेछ।
८२. विभिन्न हिंसाबाट मुक्त राख्न तथा आफूलाई सुरक्षित महसुस गराउन किशोरी आत्मरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
८३. खेल क्षेत्रमा विशेष योगदान दिएका पूर्व खेलाडी तथा वर्तमान उत्कृष्ट खेलाडी सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
८४. महानगरस्तरीय म्याराथन दौड प्रतियोगिता सञ्चालन गरिनेछ ।
८५. विभिन्न विधाका प्रशिक्षक व्यवस्थापन गरी विद्यालयका खेल शिक्षकको क्षमता विकास गरिनेछ।
८६. युवा लक्षित खुला तथा बन्द व्यायामशाला सञ्चालनमा ल्याइनेछ।
८७. ऐनद्वारा महानगर र वडा खेलकुद विकास समिति गठन गरी खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

**महिला तथा बालबालिका**

८८. महानगरको सडक पेटीमा देखिने असहाय तथा सहाराविहीन मानवलाई प्रदेश सरकार एवं सम्बन्धित निकायहरु समेतको समन्वय र सहकार्यमा उद्धार एवं पुनर्स्थापना गरिनेछ ।

८९. महानगरलाई लैंगिक हिंसा रहित आपसी सम्मानयुक्त समाज बनाउन सहयोगी संस्थाहरुको सहयोग र सहकार्यमा संचालित लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य योजनालाई निरतन्तरता दिइनेछ।

९०. लैंगिक हिंसा निवारण कोषको परिचालन गरी हिंसामा परेका प्रभावितहरुलाई कार्यविधि बमोजिम सहयोग उपलब्ध गराइनेछ।

९१. महिला उत्थान तथा सशक्तीकरणको लागि विभिन्न रोजगारमूलक सीपविकास तालिम र सचेतानामूलक कार्यक्रम संचालन गरिनेछ।

९२. महिला उत्थानको लागि गरिब तथा विपन्न महिला लक्षित विशेष योजना तयार गरी केन्द्र सरकार तथा राष्ट्रिय योजना आयोगसंग सहकार्यको लागि पहल गरिनेछ।

९३. बालमैत्री स्थानीय शासन प्रवर्द्धन एवं दिगोपनाका कार्यक्रमहरु नियमित संचालन गर्दै वडा नं.१८ र १९ लाई बालमैत्री वडा घोषणा गर्न लक्षित कार्यक्रमहरु तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ।

९४. महानगरको बालअधिकार संरक्षण र प्रवर्द्धनको लागि बालअधिकार समितिको क्रियाशीलता र भूमिकालाई थप प्रभाकारी बनाइनेछ।

९५. बालबालिका तथा बाल अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी आवश्यक निर्देशिका, कार्यविधि तथा रणनीति, कार्ययोजनाहरु निर्माण तथा परिमार्जन गरी लागू गरिनेछ।

९६. बाल उद्यान (Children Park) र  खेल मैदानलाई नगरका सबै बालबालिकाहरुको पहुँच हुनेगरी निर्माण र व्यवस्थापन गर्दै लगिनेछ।

९७. नगर, वडा, विद्यालय, स्वास्थ्य व्यवस्थापन समिति लगायतका विभिन्न संरचनाहरुमा बाल क्लवको संस्थागत र  अर्थपूर्ण प्रतिनिधित्व र सहभागितालाई प्रवर्द्धन एवं सूनिश्चिता गर्न पहल गरिनेछ।

९८. अपाङ्गता भएका (अटिजम, सुस्त मनस्थिति, अति अशक्त लगायत) बालबालिकाहरुलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने संघसंस्थाहरुसंगको समन्वय र सहकार्यमा सेवा संचालन गरिनेछ।

९९. महानगरलाई नेपाल सरकारको नीति तथा लक्ष्य बमोजिम सडक बालबालिका, बालश्रम र बाल विवाह निवारण गर्ने कार्यहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१००. लागूपदार्थ दूर्व्यसन, साइबर अपराध, लैङ्गिक हिंसा र बाल विवाहबाट बालबालिकाहरुलाई हुने सम्भावित जोखिमबाट बचाउन जिल्ला प्रहरी कार्यालय, बाल क्लब, विद्यालयसँगको सहकार्यमा विद्यालय तथा समुदायस्तरबाटै सचेतना अभियान संचानल गरिनेछ।

१०१. विभिन्न कारणले मनोसामाजिक समस्यामा परेका बालबालिका तथा प्रभावित व्यक्तिहरुलाई मनोविमर्शकर्ताबाट परामर्श सेवा उपलब्ध गराइनेछ।

१०२. बालबालिकाहरुको क्षमता विकासको लागि विभिन्न तालिम र कार्यक्रममा सहभागिता अभिवृद्धि गरिनेछ।

१०३. महिलाहरुलाई आर्थिक रुपले सशक्त बनाउन उद्यमशिलता विकास कार्यक्रम संचालन गरिनेछ।

**ज्येष्ठ नागरिक**

१०४. ज्येष्ठ नागरिकहरुलाई अनुभवी र परिपक्व नागरिकका रुपमा सम्मान र सद्भाव अभिवृद्धि गर्दै ज्येष्ठ नागरिकमा रहेको अनुभव, ज्ञान, सीपलाई अन्तरपुस्तामा हस्तान्तरण गर्ने परिपाटीको सुरुवात गरिनेछ।

१०५. अलपत्र परेका असहाय, घरवार र छोराछोरीविहीन ज्येष्ठ नागरिकहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

१०६. ज्येष्ठ नागकरिक माथि हुने हिंसा र दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ।

१०७. सम्मानजनक जीवनयापन गर्ने वातावरणको सिर्जना गर्न ज्येष्ठ नागकरिक दिवस, ज्येष्ठ नागरिक पुस्तकालय, पत्रपत्रिका, दिवासेवा केन्द्र भ्रमण जस्ता कार्यक्रम संचालन गरिनेछ।

**अपाङ्गता**

१०८. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र योजनावद्ध र सर्वसुलभ ढंगले वितरण गर्ने कार्यलाई अगाडि बढाइनेछ। आवश्यकता अनुसार घुम्ती शिविर सञ्चालन गरिनेछ।

१०९. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्न तथा सहज जीवनयापन गर्न मद्दत पुऱ्याउने अभिप्रायले अभिभावकहरुका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।

**पञ्जिकरण तथा सामाजिक सुरक्षा**

११०. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण प्रविधिमैत्री बनाउनुका साथै भत्ता रकम समयमै सर्वसुलभ र सरल ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ। जनप्रतिनिधि, बैङ्क तथा वित्तीय संस्थाहरुलाई लाभग्राही नागरिकहरुको नजिक पुर्याइने खालका कार्यक्रम ल्याइनेछ।

१११. हस्तलिखित व्यक्तिगत घटना दर्ता किताबलाई प्रणालीमा प्रविष्टि गरी डिजिटल अभिलेख विधि लागू गरिनेछ ।

११२. नेपाल सरकारको सन् २०२४ सम्ममा व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा गर्ने अभियान सफल बनाउन महानगरभित्र सघनरुपमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

## गैह्र सरकारी संस्था तथा सामुदायिक विकास

११३. नगर क्षेत्रभित्रका आदिवासी, जनजाति, मधेसी, पिछडावर्ग, दलित, अल्पसंख्यक वर्गहरुको सहभागिता र सहकार्यमा सबैको सांस्कृतिक पहिचानका लागि सबै भाषा, धर्म, कला, साहित्य एवं संस्कृतिको जगेर्ना, संरक्षण तथा प्रवर्द्धन गर्दै **विविधता बिचको एकता** बलियो बनाइनेछ।

११४. प्रजातान्त्रिक योद्धाहरुलाई सम्मान स्वरुप मासिक भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

११५. नगर क्षेत्रभित्र भएका सबै धार्मिक आस्थाका केन्द्रहरुको पार्श्वचित्र र वृत्तचित्र तयार गरिनेछ।

११६. महानगरपालिकामा कार्यरत गैह्र सरकारी संस्थाहरुको क्षमता विकास गरिनेछ।

११७. विराटनगर जन्मस्थल भई हाल देश विदेशमा रही बसोबास गर्ने व्यक्ति तथा परिवारहरुलाई सामाजिक सञ्जालको माध्यमबाट विभिन्न सामाजिक विकासका कार्यमा सहभागी गरिनेछ ।

११८. महानगरपालिका क्षेत्रभित्र रहेका असल नागरिक सम्मान अभियान अन्तर्गत सम्मान र प्रवर्धन गरिनेछ।

११९. विराटनगर वडा नं. २, बजरंगबली मन्दिर, वडा नं. १४ स्थित ऐतिहासिक बाबा वाणेश्वरनाथ शिव मन्दिर तथा रानीमाई मन्दिरको गुरुयोजनाका आधारमा मन्दिरको भौतिक संरचना निर्माण गरिनेछ।

१२०. महानगरपालिका क्षेत्रभित्र रहेका गैह्र सरकारी संस्थाहरुसँग कार्यगत एकता कायम गरी स्रोतको दुरुपयोग र दोहोरोपन हटाई कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी र अर्थपूर्ण बनाइनेछ।

१२१. महानगरपालिका क्षेत्रभित्रका बसोवास गर्ने सबै सुकुम्वासीहरुको तथ्यांक तयार गरी महानगर सुकुम्वासी परिवार परिचय पत्र जारी गरिनेछ।

१२२. महानगरपालिकाको पश्चिमतर्फ वडा नं. ५ वा ६ मा आधुनिक तथा सुविधा सम्पन्न अन्त्येष्टि स्थलको रुपमा विकास, निर्माण तथा संचालन गरिनेछ, वडा नं. १ वा ७ मा रहेको घाटमा विद्युतीय अन्त्येष्टि शवदाह गृह साझेदारीमा निर्माण गरिनेछ।

१२३. नेपालकै कला, संस्कृति, नाटक तथा नाटक एकेडमीका रुपमा विकास गर्न महानगरपालिकाको सहयोगमा निर्मित आरोहण गुरुकुललाई संचालन सहयोग गरिनेछ।

१२४. महानगरपालिकालाई सडक आश्रित मानवरहित महानगरपालिका घोषणा गर्दै त्यस्ता नागरिकहरुको जिविकोपार्जनका लागि मानवसेवा आश्रमसंग समन्वय गरी केन्द्र स्थापना गरी संचालन गरिनेछ। प्रदेश सरकार र सरोकारवाला निकायको समन्वय र सहकार्यमा उद्दार, पारिवारिक पुनर्मिलन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१२५. विराटनगरबाट प्रतिनिधित्व गर्दै नेपालको प्रधानमन्त्री समेत हुनुभएका सम्मानित व्यक्तिहरुको सम्झना र वहाँहरुको जीवनी सहितको अभिलेखहरुलाई संरक्षण गर्न **मिनी संग्रहालय** सहितको एक प्रधानमन्त्री पार्क निर्माण गरिनेछ।

१२६. *'जसको कोही छैन त्यसको साथमा स्थानीय सरकार छ'* भन्ने सोचका साथ शवबाहन र निःशुल्क दाउराको व्यवस्था गरी बेवारिसे शव घाटसम्म पुऱ्याउने र अन्त्येष्टि गराइनेछ।

१२७. विराटनगर महानगरपालिकामा वसोवास गर्ने सबै सुकुम्वासीहरुको तथ्यांक संकलन गरी अभिलेख तयार गरी महानगर सुकुम्वासी परिचयपत्र वितरण गर्ने साथै अन्यन्त कष्टकर जीवन निर्वाह गरिरहेका त्यस्ता सुकुम्वासी परिवारहरुको हितको लागि साझेदारीमा आवास निर्माण सहित अन्य विषेश कार्यक्रम संचालन गरी सेवा व्यवस्थापन गरिनेछ।

१२८. महानगरका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्यातीप्राप्त महत्वपूर्ण व्यक्तिहरुको अभिलेख व्यवस्थापन गरिनेछ।

## पूर्वाधार विकास क्षेत्र

### भू-उपयोग तथा बस्ती विकास

१२९. महानगर आवास कार्यक्रम अन्तर्गत संचालित वडा नं. १९, ५ र १२ को परियोजनालाई निरन्तरता दिइनेछ।

१३०. महानगर क्षेत्रभित्र रहेका सिंगिया खोला छेउमा बस्ने अति जोखिम एवं कस्टकर जिवन निर्वाह गरिरहेका सुकुम्वासी परिवारहरुलाई महानगर आवास कार्यक्रम अन्तर्गत एकीकृत आवास कार्यक्रम संचालन गरिनेछ।

१३१. राष्ट्रिय भू-उपयोग नीति २०७२, भूउपयोग ऐन २०७६, भूउपयोग नियमावली २०७९ तथा विराटनगर महानगरपालिकाको भूउपयोग कार्यविधि २०७७ बमोजिम भू-उपयोग तथा वस्ति विकासका कार्यक्रम लागू गरिनेछ।

१३२. *'एक वडा, एक पार्क'*को अवधारणा अनुरुप विराटनगर महानगरपालिकाको प्रत्येक वडामा संभावित स्थलको अध्ययन गरी डिजाइन Model तयार गर्ने, पुराना पार्कहरुको रेकर्ड राख्ने तथा व्यायाम स्थल सहितको एउटा नुमना पार्क निर्माण गरिनेछ।

१३३. महानगर क्षेत्रमा बढ्दो सवारी पार्किङ समस्या रहेका क्षेत्रहरुको पहिचान गरी दीर्घकालीन समाधानका लागि डिजाइन तथा मास्टरप्लान तयार गरी **एउटा नुमना स्मार्ट पार्किङ जडान** सहित आबश्यक पार्किङ स्थल व्यवस्थापन गरिनेछ।

१३४. आधारभूत आवास योजनाका लागि स्थान पहिचान गरी कार्यान्वयन गरिनेछ।

१३५. सङ्घीय तथा प्रदेश सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारको सहयोग जुटाई सिंघिया र केशलिया खोलाको छेउबाट हरियाली प्रवर्धन सहितको करिडोर सडक निर्माण गरिनेछ। त्यहाँ रहेका जोखिमपूर्ण सुकुम्वासीहरुको उपयुक्त व्यवस्थापन गरिनेछ।

१३६. Land Pooling आयोजना बारेमा आवश्यक सम्भाव्यता अध्ययन गरी कार्यान्वयन आवश्यक कानुन र कार्यविधि बनाइनेछ।

१३७. राष्ट्रिय भू-उपयोग नीति अनुरुप महानगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ।

**१३८.** मापदण्ड बिना विकास भएका घडेरीमा घर बनाउने घरधनीहरुलाई महानगरपालिकाबाट नक्सापास एवं घरजग्गा करमा दिइदै आएको सहुलियत कार्यलाई निरुत्साहित बनाइनेछ ।

**भवन निर्माण इजाजत तथा भवन संहिता**

१३९. राष्ट्रिय भवन संहिता बमोजिम भूकम्प प्रतिरोधी भवन निर्माण गर्न घरनक्सा पास सहज बनाउँदै घरनक्सा इजाजत अनलाइनबाट गर्ने तथा पुराना फाईलहरुलाई Archive गरी डिजिटाइज गरिनेछ।

१४०. प्रत्यक्ष भवन निर्माणसँग सम्बन्धित सूचिकृत डिजाइनर तथा महानगरमा कार्यरत प्राविधिकहरुलाई भवन निर्माण मापदण्ड सम्बन्धी तालिम प्रदान गरी सुरक्षित भवन निर्माणमा जोड दिइनेछ।

१४१. भवनहरुको सवलता, सुरक्षा र जोखिम न्यूनिकरण गर्न प्रचलित भवन निर्माण सम्बन्धी मापदण्डहरु समय अनुकुल पारिनेछ।

१४२. राष्ट्रिय भवन संहिता तथा पूर्वाधार निर्माण मापदण्डको कडाइका साथ कार्यान्वयन गरिनेछ।

## पूर्वाधार विकास

१४३. यस महानगरपालिकामा अन्तर्राष्ट्रिय स्तरको स्टेडियम, स्मार्ट सिटी, नगर विकास, फोहरमैला, व्यवस्थापन लगायतका पूर्वाधार परियोजनाहरु निजी क्षेत्रको सहभागितामा अघि बढाउइनेछ, उक्त परियोजनाहरुको अध्ययन, लगानी लगायतका कार्यमा नेपाल ईन्फ्रास्ट्रक्चर बैक, नगर विकास कोष जस्ता संस्थाहरुसंग सहकार्य गरिनेछ।

१४४. विराटनगरको ऐतिहासिक गरिमा र पूर्वाधारका हिसावले गर्व गर्न लायक प्रादेशिक राजधानीका रुपमा विकास गर्ने जनचाहना बमोजिम विविध क्षेत्रगत गुरुयोजना (Sectoral Master Plan) सहितको आयोजना बैंक (Project Bank) तयार गरिनेछ । उक्त योजनाको आधारमा राष्ट्रिय अन्तर्राष्ट्रिय एवं दातृ निकायको सहयोग परिचालन गरिनेछ।

१४५. महानगरको आर्थिक विकासका लागि अत्यावश्यक विशेष आर्थिक क्षेत्र, प्रादेशिक बसपार्क सहित अन्य ट्रान्सपोर्टका लजिष्टिकहरु, हवाई मैदान विस्तार, रिङरोड, वाईपास सडक, रंगशाला, संग्रहालय जस्ता आन्तरिक श्रोतबाट मात्र संचालन गर्न नसकिने योजनाहरु सहयोगी र साझेदार संस्थाहरुको सहयोगमा कार्यान्वयनमा ल्याउन थप पहल गरिनेछ।

१४६. सार्वजनिक-निजी साझेदारीको अवधारण बमोजिम निजी क्षेत्रमा रहेको पूँजीलाई समेत नगर निर्माणमा आकर्षित गरी कृषि तथा औद्योगिक प्रदर्शनी स्थल निर्माण, वडा नं ९, गुदरी स्थित ई-प्लट मा पार्किङ सहितको बहुउपयोगी व्यावसायिक भवन निर्माण, सवारी साधन पार्किङ तथा हरियाली प्रवर्द्धन लगायतमा परिचालन गर्ने कार्यलाई अझ गति दिइनेछ।

१४७. सडकको दिगोपन वृद्धिका लागि रिङरोड, कोशी राजमार्ग र बाइपास सडक बाहेक अन्य सडकमा ठूला सवारी साधनबाट मालसामान ढुवानी गर्ने कार्य रोक्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

१४८. वडास्तरीय योजनाहरु मार्फत न्यूनतम भौतिक पूर्वाधारहरु विस्तार गर्दै लगिनेछ भने नगर स्तरीय योजनाहरु मार्फत नगरका मूख्य भौतिक पूर्वाधारहरु निर्माण गर्दै सुरक्षित र विकसित आवास क्षेत्रको रुपमा विकसित गरिनेछ।

१४९. निर्माण सम्पन्न भएका भौतिक संरचनाहरुको दिगोपनाका लागि यथाशीघ्र मर्मत संभार गर्न "Mobile Infrastructure Ambulance" को अवधारणामा कार्य गर्ने व्यवस्था मिलाइने छ।

१५०. कार्यालयको सूविधा सम्पन्न र आधूनिक प्रशासनिक भवन निर्माण कार्यतालिका बमोजिम गर्दै लगिनेछ।

१५१. पूर्वाधार निर्माणमा गुणस्तर कायम गराउन निर्माण गुणस्तर चेकजाँचको व्यवस्था मिलाइनेछ।

१५२. दिगो र भरपर्दो रुपमा फोहोरपानी प्रशोधन केन्द्र र ढल प्रणाली संचालन गर्दै लगिनेछ।

१५३. बाढी पीडित र सुकुम्वासीहरुको पहिचान गरी एकीकृत बसोवासको प्रवन्ध मिलाउन सुरु गरिएको महानगर आवास योजनालाई थप प्रभावकारी बनाइनेछ।

१५४. जापान सरकारको सहयोगमा खानेपानी सुधारको परियोजना संचालनमा ल्याइनेछ।

१५५. पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री, बालमैत्री र अपाङ्गमैत्री अवधारणा अंगीकार गरिनेछ।

१५६. Planning Permit नलिइकन जग्गा तथा घरघडेरी विकास गर्न प्रतिवन्ध लगाइनेछ।

१५७. नगर क्षेत्रभित्रका सडक, नाला निर्माण गर्दा सडक मापदण्ड विपरीत निर्माण भएका संरचनाहरु हटाइने नीतिलाई निरन्तरता दिइनेछ।

१५८. नगर विकासलाई व्यवस्थित गर्न सडक, खानेपानी, विघूत तथा दूरसंचार संस्थान जस्ता निकायहरुद्धारा यस नगर भित्र संचालन गरिने विकास निर्माणका कार्यक्रमहरुलाई सम्बन्धित

निकाय र महानगर बिच समन्वय कायम गरी संचालन गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

१५९. नगरको दिगो विकासका लागि लागत सहभागिता र सहभागितात्मक विकासको अवधारणा बमोजिम योजना छनौट, निर्माण, अनुगमन, संचालन र मर्मतसम्भार समेतमा स्थानीय सरोकारवाला उपभोक्ताहरुको सार्थक सहभागिता जुटाउने कार्यलाई थप व्यवस्थित गरिनेछ।

१६०. पूर्वाधार विकासको दृष्टिले पछाडि परेको नगरको पश्चिम दक्षिण क्षेत्रमा सडक नाला, खानेपानी आयोजना निर्माण र डुबानको समस्या समाधान सहितको परियोजना संचालन गर्न सङ्घीय तथा प्रदेश सरकार र विकास साझेदारहरुसँग समन्वय गरिनेछ।

१६१. नगरका महत्वपूर्ण स्थानहरुमा सार्वजनिक शौचालय र शुद्ध पिउने पानीको प्रबन्ध गरिनेछ।

### उर्जा

१६२. खाना पकाउने इन्धन दाउरा, गुइँठा, ग्याँसको सट्टामा गोबरग्याँस, सुधारिएको चुल्हो, इन्डक्शन चुल्हो जस्ता वैकल्पिक उर्जाको प्रयोगलाई उच्च प्रथमिकतामा राखिनेछ।

१६३. जैविक उर्जा र सौर्य उर्जा जस्ता वैकल्पिक उर्जाको प्रवर्द्धन, विकास एवं विस्तार गरिनेछ।

१६४. विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतको पहुँच नपुगेका स्थानहरुमा विद्युत सेवाको विस्तार गरिनेछ।

१६५. बायोग्याँस तथा सुधारिएको चुल्हो जस्ता किफायती जैविक उर्जा प्रविधि र एल.पि. ग्याँसको प्रयोगलाई न्यूनीकरण गर्न विद्युतीय चुल्हो एवं उपकरणको प्रवर्द्धन तथा विस्तारको लागि पहल गरिनेछ।

## <u>वातवरण तथा विपद् व्यवस्थापन क्षेत्र</u>

### विपद् व्यवस्थापन

१६६. महानगर स्तरीय विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी राष्ट्रिय तथा प्रदेश स्तरीय सूचना प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिनेछ।

१६७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी भौगोलिक सूचना प्रणाली, पूर्वसूचना प्रणाली लगायतका प्रविधि हस्तान्तरणका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिनेछ।

१६८. महानगरपालिकाका नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन र कार्यान्वयन गर्नु पहिले बहुविपद् जोखिम र त्यसको सम्भावित परिणामको प्रक्षेपण गरी जोखिम न्यूनीकरणका उपयुक्त विधि अपनाउने नीति लिइनेछ।

१६९. विपद्को प्रकार, स्थान, सामाजिक तथा आर्थिक अवस्थालाई समेत दृष्टिगत गर्दै सञ्चार माध्यम मार्फत् सूचनामूलक सन्देशहरू सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गरिनेछ।

१७०. उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गरी समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ ।

१७१. सबै क्षेत्रका मौजुदा भौतिक संरचनामा रहेको अवशिष्ट जोखिम पहिचान र लेखाजोखा गरी जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

१७२. महानगरभित्रका उद्योग, व्यापार व्यवसाय, शिक्षा, जनस्वास्थ्य र नगरवासीको जीविकोपार्जनमा पर्न सक्ने सम्भाव्य विपद्को असर न्यूनीकरण गरिनेछ।

१७३. विपद् संवेदनशीलता अनुरुप सार्वजनिक भौतिक संरचनाहरूलाई सबै वर्गको पहुँच सुनिश्चित गर्न अपाङ्ग एवं बालमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

१७४. महानगरस्तरीय विपद् जोखिम न्यूनीकरण समूहको गठन गरी विपद् व्यवस्थापनमा युवा र सबै सरोकारवालाको सक्रिय सहभागिता बढाउने नीति अवलम्बन गरिनेछ।

१७५. स्थानीय र विश्वव्यापी रूपमा फैलिने महामारीजन्य विपद्को सामनाका लागि महानगरपालिकाबाट विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस्तो अवस्था उत्पन्न भएमा प्रदेश र सङ्घीय सरकारमार्फत् अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने सहयोग परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१७६. महानगरपालिका र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक **Quick Response Team** को गठन गरी क्षमता विकास गर्दै शीघ्र परिचालनको नीति अबलम्बन गरिनेछ।

१७७. विपद्का समयमा सुरक्षित आपत्कालीन आश्रयस्थलको व्यवस्था सुनिश्चित गर्न खुल्ला क्षेत्रको पहिचान, संरक्षण र प्रयोगयोग्य बनाउने नीति लिइनेछ।

१७८. प्रभावकारी विपद् प्रतिकार्यका लागि आपत्कालीन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्री सञ्चय गरिनेछ।

१७९. नगरप्रहरीभित्र **खोज तथा उद्धार कार्यदल गठन** गरी क्षमता विकास एवं साधनसम्पन्न बनाउने नीति अवलम्बन गरिनेछ।

१८०. सङ्घीय सरकार, प्रादेशिक सरकार एवं दातृ निकायको सहयोगमा सिंघिया र केशलिया खोलामा दुवै तर्फ तटवन्ध निर्माण गरी बाढी, डुबान र कटान नियन्त्रण गर्न विशेष पहल गरिनेछ।

**वन, वातावरण तथा सरसफाई**

१८१. फोहरमैला व्यवस्थापनकालागि अन्तिम विसर्जन स्थलको व्यवस्थापन आधुनिक प्रविधि Waste to Energy एवं Environmental friendly प्रविधिबाट गर्न विकास साझेदारहरुसँग साझेदारी गरिनेछ।

१८२. नगर क्षेत्रभित्र सरसफाईको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन समूदायमा आधारित फोहर संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१८३. घरघरबाट निस्कने जैविक फोहरलाई कम्पोष्ट मल बनाउने विधिलाई अवलम्बन गरिनेछ।

१८४. अस्पतालजन्य फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रलाई पुर्ण रुपले जिम्मेवार बनाइनेछ।

१८५. जथाभावी फोहोर फाल्ने कार्यलाई दण्डनीय बनाइनेछ।

१८६. हरियाली प्रबर्धन गर्न निजी क्षेत्र र अन्य सामाजिक संघ/संस्थाहरुको साझेदारीमा बृक्षारोपण गर्ने एवं विरुवा हुर्काउने अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ। सडक छेउ र खोलाकिनारहरू एवं खालीजग्गामा बृक्षारोपण गर्ने, पार्क हरियाली निर्माण गर्ने विशेष कार्यक्रम संचालन गरिनेछ।

१८७. वातावरण प्रदूषण रोकथाम र नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१८८. वातावरणमैत्री सूचकको आधारमा वातावरणमैत्री टोल प्रबर्धन गरिनेछ।

१८९. जलवायु परिवर्तन अनुकूलनका उपायहरुलाई अबलम्वन गरिनेछ।

१९०. नेपाल सरकार र एशियाली विकास बैंकको सहयोगमा संचालित पहिलो र दोश्रो चरणको STIUEIP/RUDP परियोजनाहरुको संचालन र कार्यान्वयनको सफलताबाट आर्जित पूर्वाधार विकासको थप लगाानीको वातावरण अनूरुप विराटनगर वडा नं.१६ दरैयामा Waste to Energy अवधारणा (Concept) को एकीकृत फोहोरमैला ब्यवस्थापन केन्द्र निर्माण (ISWM) गरिनेछ।

## <u>सुशासन तथा संस्थागत विकास क्षेत्र</u>

### आर्थिक सुशासन

१९१. लेखा प्रणालीलाई भरपर्दो, छिटो छरितो, विश्वासिलो र पारदर्शी बनाउन Electronic Fund Transfer (EFT), Day Closing प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

१९२. आ.व. २०७९।०८० लाई **बेरुजु फछ्र्यौट वर्ष** को रुपमा लिई बेरुजु रकमलाई न्युनीकरण गरिनेछ।

१९३. वडाको सम्पूर्ण आर्थिक कारोवार वडा कार्यालयबाट नै संचालन गर्न वडाहरुमा लेखा कर्मचारी व्यवस्थापन गरिनेछ।

१९४. आ.व. २०७९।०८० देखि लागू हने गरी नेपाल सरकारले वृद्धि गरेको कर्मचारीहरुको तलवमानलाई कायम गरी कर्मचारीहरुलाई प्रोत्साहन गर्न विगत वर्षदेखि प्रदान गरिदै आएको खाजा भत्ता र प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

१९५. विनियोजन कुशलता, कार्यान्वयन दक्षता र आर्थिक अनुशासनलाई आत्मसाथ गरी सार्वजनिक कोषको सहि सदुपयोग गरिनेछ।

१९६. वडाहरुको सन्तुलित विकासका लागि राष्ट्रिय योजना आयोगबाट निर्धारित ढाँचा र सुचाकाङ्कको आधारमा बजेट विनियोजन गरिनेछ।

१९७. पञ्चवर्षीय आवधिक योजना र मध्यकालिन खर्च संरचना तर्जुमा गरी लागू गरिनेछ।

**सामान्य प्रशासन**

१९८. महानगरका नीति तथा कार्यक्रम तर्जुमा गर्दा सरोकारवालाहरुलाई सहभागी गराउने नीति अवलम्बन लिइनेछ।

१९९. महानगरपालिकाको कार्यविभाजन नियमावली २०७४ र कार्य सम्पादन नियमावली २०७४ लाई समयानुकूल परिमार्जन तथा संशोधन गरी कार्यान्वयन गरिनेछ।

२००. कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूमा नागरिक वडापत्रलाई समय सापेक्ष अद्यावधिक गरिनेछ। वडापत्रलाई डिजिटलाइज गरिँदै लगिनेछ।

२०१. महानगरपालिकाबाट प्रवाह हुने सेवासम्बन्धमा सेवाग्राहीहरूको गुनासो, उजुरी यथाशीघ्र सम्बोधन गरिनेछ, सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरिनेछ, सामाजिक तथा सार्वजनिक परीक्षण एवम् सार्वजनिक सुनुवाइलाई अनिवार्य गर्दै प्रशासनलाई जनउत्तरदायी बनाइनेछ।

२०२. वडा कार्यालयमा अधिकार प्रत्यायोजन गरी वडालाई जिम्मेवार बनाउँदै आयोजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाइनेछ।

२०३. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नगरहरूसँग भगिनी सम्बन्ध विस्तार गरी नयाँ प्रविधि, सोच, नवीन सिकाइहरू, विकासका मोडल तथा असल अभ्यासहरूको आदान प्रदान र सहकार्य गरिनेछ।

२०४. महानगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्रलाई सम्बोधन गर्नेगरी कार्यालयको व्यवस्थापन र सर्भेक्षण (O&M) गरी समय सापेक्ष एवम् वैज्ञानिक सांगठनिक संरचना बनाइनेछ।

२०५. भ्रष्टचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। यसका लागी नीतिगत, संस्थागत, संरचनागत र व्यवहारगत पक्षमा रहेका विद्यमान समस्याहरुको विश्लेषण गरी आवश्यक कदमहरु अवलम्बन गरिनेछ।

२०६. कर्मचारीहरूको पेशागत सुरक्षाको सुनिश्चितता गर्दै कार्यसम्पादनलाई उच्च बनाउदै कार्य दक्षता अभिवृद्धि गर्न क्षमता विकासका कार्य़क्रम संचालन गरिनेछ, मौद्रिक र गैह्र मौद्रिक उत्प्रेरणका विधिहरु लागू गरिनेछ।

२०७. सेवा प्रवाहमा सकरात्मक परिवर्तनका लागि कर्मचारीहरूको पेशागत स्थायित्व एवम् वृत्ति विकास र स्वेच्छिक अवकाश जस्ता कार्यहरूलाई संघ तथा प्रदेश कानुनका आधारमा स्थानीय कानुन बनाई कार्यान्वयन गरिनेछ।

२०८. कार्यालय परिसरमा पान, गुट्खा, खैनी लगायतका सुर्तीजन्य पदार्थको प्रयोग गर्नेलाई कडाईका साथ दण्ड जरिवाना गरिनेछ।

२०९. कार्यसम्पादन सम्झौता लागू गरी प्रशासनलाई उत्तरदायी र नतिजामुखी बनाइनेछ साथै कार्यसम्पादनका आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था लागू गरिनेछ।

२१०. अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरुलाई सेवा प्रवाहमा सहजता ल्याउन कार्यालय परिसरभित्र प्रतिक्षालयको व्यवस्था गरिनेछ।

**राजस्व प्रशासन सुधार**

२११. सम्बन्धित सरोकारवालाहरुसँगको राय सल्लाह, सुझावलाई मनन गरी करका दरहरु घटाई करका दायराहरु फराकिलो पारिनेछ। आन्तरिक आय वृद्धि गर्नका लागि राजस्व सुधार योजना निर्माण गरी २०७९ साललाई **आन्तरिक राजश्व अभिवृद्धि** वर्षको रुपमा लिइनेछ।

२१२. वडा कार्यालयको अगुवाई टोल विकास संस्थाहरुसँगको समन्वय र सहकार्यमा करदाता शिक्षा अभियान स्वयंसेवक परिचालन गरी सबै नगरवासीलाई करलाई बोझको रुपमा होइन अवसरको रुपमा लिउँ भनी भित्रैदेखि कर तिरौं भन्ने भावनाको विकास गराउन घरदैलो अभियान सञ्चालन गरी आन्तरिक राजश्व वृद्धि गरिनेछ।

२१३. आन्तरिक राजस्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ।

२१४. घर तथा व्यवसाय सञ्चालन स्थानबाट नै अनलाइनको माध्यमबाट कर तथा राजस्व तिर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ।

२१५. स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालको माध्यमबाट करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ।

२१६. कर करले हैन रहरले तिरौं भनी नियमित रुपमा कर तथा राजस्व बुझाई आन्तरिक आय वृद्धि गर्न सहयोग गर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने परिपाटीको सुरुवात गरिनेछ।

२१७. कर्मचारीहरुको क्षमता विकास तालिमको व्यवस्था गरी आन्तरिक आय वृद्धि गरिनेछ साथै आन्तरिक आय वृद्धिका लागि कर अभियान सञ्चालन गर्ने वडालाई प्रोत्साहन गरिनेछ।

२१८. राजस्व प्रशासनलाई थप प्रभावकारी र सरलीकृत गर्नका लागि ऐन कानुनहरु तर्जुमा गरिनेछ साथै करदाताहरुको Profile तयार गरिनेछ।

२१९. राजस्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउदै लैजान पुराना अभिलेखलाई डिजिटाइज गरिनेछ।

## सूचना तथा सञ्चार प्रविधि

२२०. स्थानीय पत्रपत्रिका, टेलिभिजन, एफ.एम. रेडियो, अनलाइन पोर्टल लगायतका सञ्चार माध्यमको संस्थागत विकासका लागि उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।

२२१. खोज पत्रकारिताको विकासका लागि स्थानीय पत्रकारहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। साथै, लेखनवृत्ति उपलब्ध गराइनेछ।

२२२. महिला, दलित, अदिवासी जनजाती तथा पिछडा वर्गका युवा युवतीहरुको समचार लेखन तथा अन्तरवार्ता लिने जस्ता क्षमता अभिवृद्धिका तालिम सञ्चालन गरिनेछ।

२२३. एक आर्थिक वर्षमा भए गरेका उपलब्धिमूलक स्थिति समिक्षा प्रतिवेदन सार्वजनिक गरिनेछ।

२२४. सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२२५. महानगरपालिकाको कार्यालयभित्र सूचना प्रविधिको विकास गरी नगरवासीलाई सूचनाको पहुँचमा अभिवृद्धि गरिनेछ।

२२६. Service Automation System (स्वचालित सेवा) मार्फत महानगर मातहतको महाशाखा/शाखा तथा वडा कार्यालयहरुको समग्र कार्यप्रणालीलाई प्रविधि मैत्री बनाइनेछ। सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र सुशासनयुक्त बनाइनेछ।

## कानुन तथा न्याय

२२७. संविधान तथा कानुनले स्थानीय तहलाई प्रत्याभूत गरेका अधिकारहरु कार्यान्वयन गर्न आवश्यक कानुनहरु सरोकारवालाहरुको सहभागितामा तर्जुमा गरी लागू गरिनेछ।

२२८. महानगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वासनीय बनाइनेछ।

२२९. कानुनले तोकेको समयभित्र न्यायिक समितिबाट कार्य सम्पादन तथा कार्यान्वयन गरिनेछ।

२३०. हिंसा पीडित महिला तथा बालबालिकाको मूद्दामा सहजिकरण गर्न अड्डा अदालत प्रतिनिधिको व्यवस्था गरी न्याय र कानुनमा सबै वर्गका व्यक्तिहरुको सहजै पहुँच पुऱ्याइनेछ।

२३१. कानुन सचेतना सम्बन्धी स्थानीय भाषामा सडक नाटक सञ्चालन गरी कानुनी सचेतना अभिवृद्धि गरिनेछ।

२३२. सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमा निरुपण गर्ने कानुनी व्यवस्थालाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ।

**नगर प्रहरी**

२३३. बजार क्षेत्रका अव्यवस्थित पार्किङ र फुटपाथहरुलाई व्यवस्थित गरिनेछ।

२३४. छाडा पशु चौपाया (गाई, गोरु, साँढे, खसीबाख्रा, सुँगुर) नियन्त्रण गरी सुरक्षित सडकको सुनिश्चितता गरिनेछ।

२३५. सरकारी तथा ऐलानी जग्गामा भएको अतिक्रमण, अनाधिकृत निर्माण गरिएका घर टहराहरु हटाई संरक्षण गरिनेछ।

२३६. गैह्रकानुनी खोलाजन्य उत्खनन कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ।

२३७. विपद् व्यवस्थापनमा खोजी उद्धार, राहतको कार्यमा तदारुकताका साथ गरिनेछ।

२३८. महानगरपालिकाको मुख्य प्रशासनिक भवनको कडा सुरक्षा व्यबस्थाको लागि CCTV Camera द्वारा निगरानी राख्ने व्यवस्था मिलाइनेछ।

नगर प्रहरीको मनोबल उच्च राख्न आवश्यक व्यवस्था गरिनेछ।